# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

## निष्पक्ष छानविनको माग

मिति २०७५ श्रावण २३ गते

यही साउन २१ गते भक्तपुरका ११ बर्षीया बालक निसान खड्काको अपहरणपछि हत्या भएको घट्नाप्रति गहिरो दु:ख एवं खेद प्रकट गर्दै जबाफदेहिता निगरानी समिति उक्त घट्नाको निष्पक्ष छानबिन गरी यस्ता घट्ना भबिष्यमा दोहोरिन नसक्ने व्यवस्था गर्न सरकारसँग माग गर्दछ ।

साथै, उक्त घट्नाका आरोपित गोपाल तामाङ र अजय तामाङलाई गरिएको ‘ईन्काउन्टर’प्रति समितिको गम्भीर ध्यानाकर्षण भएको छ । मुलुकमा बलात्कार, अपहरण तथा हत्या जस्ता अपराधिक घट्ना बढ्दै गएबाट निगरानी समिति अत्यन्तै चिन्तित एवं गम्भीर भएको छ । यस्ता अपराधिक घट्नाहरुको बढोत्तरीले नागरिकको शान्ति-सुरक्षामा समेत गम्भीर असर पारेको छ ।

यस्ता जघन्य अपराधका घट्नामा संलग्न कतिपय ब्यक्तिहरु पक्राऊ परेका छैनन् भने कतिपय ‘ईन्काउन्टर’का नाममा मारिएका छन्, जसले गर्दा प्रमाण नष्ट हुनुका साथै संविधानले प्रत्याभुत गरेको नागरिकको बाँच्न पाउने अधिकार समेत हनन् हुन पुगेको छ । हालै भएको भक्तपुरको ‘ईन्काउन्टर’ भनिएको घट्नाबारे सार्वजनिक भएका समाचार अनुसार उक्त ‘ईन्काउन्टर’मा मारिएका ब्यक्तिहरुलाई कब्जामा लिई गैरन्यायिक हत्या गरिएको भन्ने शंका उब्जाएको छ ।

यसअर्थमा ‘ईन्काउन्टर’ भनिएको यस घट्नाको सत्य-तथ्य सार्वजनिक गर्न र त्यसमा दोषी देखिए तिनलाई कानुनी कारवाही गर्न एक स्वतन्त्र तथा निस्पक्ष छानविन समिति गठन गर्न नेपाल सरकारसँग निगरानी समिति जोडदार माग गर्दछ । साथै राष्ट्रिय मानव अधिकार आयोगलाई यस प्रकरणमा आयोगले प्राप्त संबैधानिक अधिकार प्रयोग गरी यस घट्नाको बिस्तृत छानविनबाट सत्य तथ्य सार्वजनिक गर्न निगरानी समिति आग्रह गर्दछ ।

जवाफदेहीता निगरानी समितिको तर्फबाट,

चरण प्रसाई, संयोजक